सम्मानित सभाका सदस्यहरु,

यस रत्ननगर नगरपालिकाको पाचौ नगर सभाको अवसरमा नेपाली जनताको अथक प्रयास, सदियौं देखिको चाहना, विभिन्न कालखण्ड र समयमा सम्पन्न आन्दोलनको उपलब्धीका रुपमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय अभियान लक्षित नीति तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउदा असीम गर्वको अनुभूति गरेको छु । यस अवसरमा सर्वप्रथम लोकतन्त्र प्राप्तिका लागि विभिन्न आन्दोलनमा प्राण उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धा सुमन प्रकट गर्न चाहन्छु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिकका आबश्यकता र अपेक्षालाई सम्बोधन गरी यस रत्ननगर नगरपालिकालाई समृद्ध नगरका रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण हुने विश्वास दिलाउँदै सबल, सक्षम,सुशासन, पारदर्शिता, जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारको निर्माणका लागि नगरसभाका निर्णयहरु मार्गदर्शनका हुने विश्वास लिएको छु ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व. २०७६/०७७ मा नगरपालिकाको तर्फबाट अवलम्बन गरीने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु :

१. संविधानले प्रत्याभूत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई समुन्नत, समृद्ध बनाई सरकारका विभिन्न तह बिचको सम्बन्धलाई विश्वासिलो बनाउन बहु तह/सरकारका साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ । नगरको विकासका लागि संघीय सरकार तथा प्रदेश संग रहेको विज्ञता, विशेषज्ञता, प्रविधि र स्रोत साधन परिचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२ संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय/आर्थिक अनुदान तथा राजश्व बाँडफाँडका अतिरिक्त आयआर्जन हुने तथा राजश्व अभिवृद्धि हुने उपयुक्त परियोजना संचालन गर्ने व्यवस्था मिलाइने छ ।

३ नगरपालिकाको शासकीय तथा प्रशासनिक क्रियाकलाप सम्पादन गर्दा सुशासनलाई आत्मसात गरिने छ । साथै विकास निर्माण योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता, जनअपेक्षाको संबोधन तथा जनसरोकारका सवालहरुलाई संवोधन गर्ने व्यवस्था मिलाइने छ ।

४ नगरको समग्र विकासका लागि नगर विकास गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिने छ । नगर विकास गुरुयोजनामा आधारित भई नगरको दिर्घकालीन विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

५ राज्यको विकासमा हाम्रो मात्र एकल प्रयास पर्याप्त र पूर्ण हुन सक्दैन । समुन्नत र समृद्ध नेपालको निर्माण तथा "समृद्ध नेपाल सुखी नेपाली"को अभियानलाई सफल बनाउनका लागि राज्यका सबै तह तथा पात्रहरुको क्रियाशिलता आवश्यक छ । तसर्थ नगरको विकासका लागि निजी क्षेत्र, गैह्रसरकारी संस्था, राजनितिक दल र नागरिक समाजसँग साझेदारीको विकास गरिने छ । साझेदारीका क्षेत्र पहिचान तथा परिचालनको व्यवस्थापन गर्न नगर कार्यपालिकाका सदस्यको संयोजकत्वमा "समन्वय समिति" गठन गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

६ टुक्रे र खुद्रे विकास प्रयासले मात्र हाम्रो समृद्धि सम्भव छैन । हाम्रो लगानीलाई नतिजामा आवद्ध गरी विकासका ठूला पूर्वाधारमा लगानीलाई केन्द्रीकृत गर्न आवश्यक छ । तसर्थ हाम्रो विकास प्रयासलाई सार्थक बनाउन विगतको नगरसभामा पारित गरिएका रत्ननगर समृद्धिका योजना कार्यान्वयन गरिनेछ । यसका लागि सरकारी, गैह्रसरकारी

संस्था, विकास साझेदारबाट प्राप्त सहयोग समेत परिचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार विकास, पर्यटन क्षेत्र विकास, कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रको सुदृढीकरण, वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानीलाई केन्द्रीत गरिने छ ।

७. जनप्रतिनिधी स्थानीय तहमा निर्वाचित भएको २ वर्ष पुरा भएको छ । तर स्थानीय तह संचालनका लागि अति आवश्यक पर्ने नीति, कानून, पूर्वाधार, कर्मचारी व्यवस्थापन जस्ता पक्षको कमीले जनअपेक्षा बमोजिम सेवा प्रवाह गर्न सकिएको छैन । यस अन्तर्गत क्षेत्रगत नीति तय गरिनेछ र कानून निर्माण गरिने छ । सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण तथा कर्मचारी व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ । कर्मचारी राष्ट्रसेवकको मनोवल उच्च राखी सुशासन र सेवा प्रवाहलाई चुस्त, दुरुस्त र नतिजाउन्मुख बनाउन कार्य सम्पादनका आधारमा प्रोत्साहन प्रणाली लागु गरिनेछ । साथै समय सापेक्ष तालिम तथा क्षमता विकासमा जोड दिईनेछ । वडा कार्यालय भवन निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८. शहरीकरणको प्रमुख समस्याको रुपमा रहेको पार्किङ्ग व्यवस्थापनलाई व्यवस्थित बनाइने छ । सार्वजनिक सवारी साधन तथा निजी सवारी साधनलाई सार्वजनिक बाटो तथा राजमार्गमा पार्किङ्ग गरिदै आएकोमा त्यस्तो अवस्थाको अन्त गरिने छ । सौराहाचोक र सौराहामा रहेको बसपार्कलाइ ब्यबस्थित गरी सुचारु गरीनेछ । नगरपालिकाले निर्माण गरेको वा तोकेको स्थानमा मात्र पार्किङ्ग गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । यसका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने नीति समेत अवलम्बन गरिने छ । पार्किङ्ग व्यवस्थापनमा बढ्दै गएको चुनौतीलाई संवोधन गर्न पार्किङ्ग स्थलमा निर्माण गरिने संरचना निर्माणमा लाग्ने नक्सापास दस्तुर छुट गरिने छ र पार्किङ्गका लागि प्रयोग गरिएको जग्गामा लाग्ने एकिकृत सम्पत्ति कर समेत छुट गरिने छ । साथै निजी घर निर्माण गर्दा सार्वजनिक पार्किङ्ग समेत हुने गरी निर्माण गरेमा पार्किङ्गका लागि छुट्याइएको क्षेत्रमा नक्सापास दस्तुर छुट गरिने छ ।

९ सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने एवम प्रभावकारी बनाइने छ । सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ । सार्वजनिक जग्गा संरक्षणका लागि नगर कार्यपालिका बैंठकबाट निर्णय गरिए बमोजिम जनप्रतिनिधीहरुबाट सार्वजनिक जग्गा अतिक्रमण नगर्ने स्वघोषणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै नगरमा क्रियाशील राजनैतिक, सामाजिक, उद्योगी, व्यापारी तथा प्रवुद्ध व्यक्तिलाई सार्वजनिक जग्गा संरक्षणमा परिचालन गर्ने व्यवस्था मिलाइने छ । सार्वजनिक जग्गा संरक्षण अभियानलाई वडा, टोल र वस्ति स्तरमा विस्तार गरी सार्वजनिक जग्गा संरक्षण प्रति समुदायको परिचालन र अपनत्वको विकास गरिनेछ ।

१० उत्पादनमुलक, नतिजामुखी, रोजगारीमुलक र आय आर्जन हुने क्षेत्रका पूर्वाधार विकासमा बहुपक्षीय साझेदारी गरिने छ ।

११ “हाम्रो नगर समृद्ध रत्ननगर”लाई साकार बनाउन रत्ननगर समृद्धिका योजना संचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार कृषि क्षेत्र, पर्यटन क्षेत्र विकास तथा शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रका नगरस्तरिय योजना बनाई कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

१२ “अबको शहर उद्यमशिल नगर”लाई व्यवहारमा लागु गरिनेछ । यसका लागी नगरको आन्तरिक आम्दानीलाई बढावा दिने आयोजना संचालन गरिने छ । यस अन्तर्गत नगर क्षेत्र भित्र आधुनिक View Tower, Water Kingdom, गल्फकोर्स निर्माण, तरकारी बजार व्यवस्थापन जस्ता परियोजना संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१३ पुर्वाधार क्षेत्र विकाससँग पर्यटन विकास र प्रर्वद्धनलाई आवद्ध गरिनेछ । पर्यटकीय पुर्वाधारका रूपमा सौराहा क्षेत्रमा आधुनिक पर्यटन वसपार्क, पर्यटन सुचना केन्द्रको निर्माण गरिनेछ । यसका लागि नगरपालिकाको आन्तरिक श्रोतका अलावा केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान र सहयोगको परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१४ नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागि राजश्व प्रशासनमा सुधार गरिनेछ । कर चुहावटका क्षेत्रको पहिचान गरी कर राजश्व संकलनलाई अभियानका रूपमा अगाडी बढाईनेछ । यसका लागि जनप्रतिनिधी, निजी क्षेत्रका व्यवसायी, कर्मचारी लगायत नागरिक समाजसँग साझेदारी गर्ने व्यवस्था मिलाइने छ । राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । कर सूचना प्रणाली मार्फत राजश्व सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ र "कर सचेतना कार्यक्रम" संचालन गरिने छ ।

१५ नगरपालिकामा सम्भावनाको क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको विकासमा विशेष ध्यान दिईने छ । नगरपालिका क्षेत्रभित्र एक अत्याधुनिक शीत भण्डार निर्माण गरिनेछ । साथै नगदेवालीतर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागी विशेष पहल गरिनेछ । कृषि विकासका लागी जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ । साथै कृषि उत्पादन अभिवृद्धिका लागी सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकरण, कृषि हाट बजारको संचालन, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम तथा विषादी प्रयोगमा न्यूनीकरण गर्ने व्यवस्था मिलाइनेछ । साथै "कृषि सूचना प्रणाली केन्द्र" को स्थापना गरिनेछ र सामुहिकता प्रवर्द्धन तथा बजारीकरणका लागि कृषि सहकारी कार्यक्रम संचालन गरिनेछ । २० बिगाहा भन्दा माथि चक्लाबन्दिमा सामुहिक खेती गर्ने समुह र सहकारीलाई प्रोत्साहित गरीनेछ ।

१६ सहकारी क्षेत्रलाई नगर अर्थ व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा विकास गरिनेछ । सहकारी क्षेत्र मार्फत हुने श्रोत परिचालनलाई पारदर्शी र विश्वासयोग्य बनाइनेछ । सहकारी क्षेत्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै "सहकारी शिक्षा कार्यक्रम" लाई सहकारी क्षेत्रको साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७ विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परिक्षण प्रयोगशाला निर्माण गरिनेछ र Organic खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. नगरमा मुख्य बजार खण्ड टाँडीचोक तथा सौराहा चोक खण्डमा पर्ने घना सवारी आवागमनबाट यात्रुलाई सुरक्षित यात्राको अनुभुत दिने साथै सम्भाव्य मानवीय क्षति न्यूनिकरण गर्न दुवै चोकमा आकाशे पुल निर्माण गरी राजमार्गबाट हिड्ने यात्रुलाई वैकल्पिक व्यवस्था गरिनेछ ।

१९. यस नगरले प्रत्यक्ष लाभ लिने गरी पूर्वी चितवन स्तरको पर्यटन सर्किट वा रिङ्ग रोड निर्माण गररी सौराहा, ईको पार्क तथा बहु -साँस्कृतिक ग्राम, मनी खोला पार्क कृष्ण मन्दिर, बुद्ध गुम्वा, उपरदाङ्गगढी, सिराईचुली, कंकालीकोट, परेवाकोट, लोथर भण्डारा ड्याक जनकौली हुँदै पुन सौराहासम्मको सहज पर्यटक सर्कीट तथा रीङ्ग रोड निर्माण गरी सवै पूर्वी चितवका प्रमुख पर्यटकीय केन्द्रलाई सहज आवागमन पुऱ्याई पर्यटकीय गतिवधी बृद्धि गर्न प्रदेश सरकार स्तरको योजना छनौट गरी कार्यान्वयनमा ल्याउने गरी कार्य आरम्भ गरिनेछ ।

२० नगरबाट प्रवाह हुने सेवालाई आधुनिक प्रविधिसँग आवद्ध गरिनेछ । पञ्जिकरण लगायत घटना दर्ता कार्यलाई Online प्रणालीमा आवद्ध गर्ने व्यवस्था निरन्तरता दिइनेछ । नगरपालिकाका सबै सूचना र तथ्याङ्कलाई Online तथा आधुनिक प्रविधिको प्रयोग मार्फत सरोकारवाला समुदायसम्म पुऱ्याईनेछ । नगरक्षेत्र भित्रका विद्यालय, स्वास्थ्य सेवा केन्द्र, कृषि, पशु एकाई तथा अन्य सेवा प्रदायक संस्थालाई Networking गर्न पुर्वाधार विकास गरिनेछ ।

२१ जेष्ठ नागरिकलाई समाजमा सम्मानजनक रूपले व्यवहार गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप र क्षमतालाई प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकको स्वास्थ्य हेरचाहका लागि "जेष्ठ

नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम” लाई निरन्तरता दिईनेछ । निश्चित उमेर समुहका जेष्ठ नागरिकलाई राज्यबाट उपलब्ध गराईएको सामाजिक सुरक्षा भत्तालाई Mobile Banking मार्फत घरटोलमा पुऱ्याउने व्यवस्था मिलाईनेछ । जेष्ठ नागरिक विश्राम गृह कार्यक्रम संचालन गरिने छ । जेष्ठ नागरीकलाई दैलोमा नै उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२ स्वास्थ्य नै धन हो र स्वस्थ नागरिक राज्यको सम्पत्ती हो भन्ने भावना अनुसार समग्र नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहबाट निःशुल्क वितरण गरिने औषधीलाई समयमै स्वास्थ्य संस्थामा पुऱ्याइनेछ । साथै स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवामा सबैको पहुँचको सुनिश्चितता गरिने छ । साथै स्वास्थ्य संस्थाको क्षमता विकास, जनशक्तिको विकास, पुर्वाधार विकास र स्वास्थ्य उपकरण तथा सामाग्रीको आपुर्तिलाई व्यवस्थित गरिनेछ । नगरको अस्पतालको रूपमा रहेको बकुलर रत्ननगर अस्पतालको सेवा प्रवाह क्षमता र स्तर बृद्धिगरी पुर्वाधार तथा सेवा विस्तारमा प्रदेश सरकारसंग सहयोग माग सहित विशेष कार्यक्रम संचालन गरिनेछ ।

२३ जेष्ठ नागरिक, बृद्ध-बृद्धालाई स्वास्थ्य उपचार तथा स्वास्थ्य परीक्षण गर्न दिईदै आएको (Peer to Poor) घर घरमा सेवा दिने कार्यलाई निरन्तरता दिईनेछ । गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा विशेष ध्यान दिईने छ । यसका लागि “पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका” निर्माणका लागी आवश्यक श्रोत साधनको व्यवस्थापन गरिनेछ । स्वास्थ्यको क्षेत्रमा बृद्धबृद्धा, आर्थिक स्थिति कमजोर भएका गर्भवति महिलालाई सुत्केरी हुन अस्पताल लैजादा निःशुल्क ambulance को व्यवस्था गरीनेछ ।

२४ यसै आ.व. मा “सफा, स्वच्छ, वातावरणमैत्री नगरपालिका”, “विपद व्यवस्थापन, महामारी नियन्त्रण तर्फ उन्मुख नगरपालिका” जस्ता कार्यक्रम संचालन गरिनेछ ।

२५ पशु विकास र कृषिमा आयआर्जन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ । सुत्केरी स्याहार भत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ । पशुपालनलाई उत्पादनमा आधारित “नगर सहयोग कार्यक्रम” संचालन गरिनेछ । साथै अनुत्पादक पशुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ । नगरपालिकाबाट निर्माणाधिन गौशालाको विकास गर्ने व्यवस्था मिलाइनेछ । पशुपालक किसानलाई प्रोत्साहन तथा वैकल्पिक उर्जा प्रवर्द्धनका लागि “गोवर ग्यास अनुदान कार्यक्रम” संचालन गरिनेछ । सामुहिक रुपमा ५० वटा भन्दा बढी गाइ भैसी पालन गर्ने समुहलाई प्रोत्साहन गरीनेछ ।

२६ फरक क्षमता भएका वर्ग र समुदायलाई सीप तथा क्षमता विकास मार्फत मुलप्रवाहीकरण गर्ने व्यवस्था मिलाइनेछ । यसका लागी “वित्तिय, आर्थिक सहयोग तथा लघु उद्यम कार्यक्रम” संचालन गरिनेछ ।

२७ शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाइने छ । स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारलाई मध्यनजर गरी प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ । गत आ.व.मा संचालित खाजा कार्यक्रम, आधारभुत तह कक्षा/कोठा व्यवस्थापनलाई निरन्तरता दिइनेछ । लक्षित वर्गका लागी Logistic सामाग्री वितरण गरिनुका साथै All in one Device माध्यमद्वारा कक्षा संचालनको व्यवस्था मिलाइनेछ ।

२८ स्थानीय शासन बालमैत्री नगरका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ । बालश्रममुक्त नगर तथा बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक मापदण्ड पुरा गर्न लगानीलाई केन्द्रीत गरिनेछ । साथै “बालश्रम विरूद्ध शुन्य सहनशीलता”को नीति अबलम्वन गरिनेछ ।साथै जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनाका लागी बालबालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ ।

२९ नगरपालिका भित्र संचालित तालिममा एकरूपता ल्याउन Training Manual बनाई कार्यान्वयन गरिनेछ । लक्षित कार्यक्रम अन्तर्गत समुदायमा प्रदान गरिने तालिमलाई नतिजामा आवद्ध गर्न Skill Test विधिको अबलम्वन गरिनेछ ।

३० घर नक्सा पास प्रणालीमा सुधार गरिनेछ । Online नक्सा पास प्रणाली अवलम्बन मार्फत सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुऱ्याइने व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयन गरिने छ । साथैपुराना नक्साहरुलाई डिजिटलाईज्ड गर्ने प्रकृया आरम्भ गरिनेछ ।

३१ नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागी फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । फोहरलाई श्रोतमा वर्गीकरण गर्ने, उर्जामा रूपान्तरण गर्ने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिनेछ । यसका लागी सरकारी, गैह्रसरकारी तथा सहकारी क्षेत्रसँग विशेष साझेदारीको नीति अबलम्वन गरिनेछ । साथै वातावरण अनुकुल कार्यक्रम गर्ने सहकारीलाई पुरस्कृत गरीनेछ ।

३२ सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संगठनात्मक संरचनामा सुधार गरिने छ । जनशक्ति परिचालन तथा विकास, प्रविधिको प्रयोग तथा जनप्रतिनिधीको क्रियाशिलता मार्फत सुशासनको प्रत्याभूती गरिने छ । यसका लागि जनप्रतिनिधीको क्रियाशिलतालाई अभियानका रूपमा संचालन गरिनेछ । आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने कर्मचारी, शिक्षकको तलव भत्ता, सुविधा रोकिनेछ ।

३३ सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रूपमा रहेको भ्रष्टचार विरूद्ध शुन्य सहनशिलताको नीति अबलम्वन गरिनेछ । जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था मिलाइनेछ ।

३४ न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागी न्यायिक समितिको क्षमता विकास गरिनेछ । वडा तहमा गठित मेलमिलाप केन्द्र लाई अझ सुदृढ बनाइ मेलमिलापको माध्यमबाट सर्वसुलभ रुपमा न्याय निरुपण गरीनेछ ।

३५ सम्भावित विपद व्यवस्थापनका लागि “ विपद व्यवस्थापन कोष” को व्यवस्थापन गरी पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

३६ बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न शहरीकरण र पुर्वाधार विकासलाई आवद्ध गरिनेछ र यसका लागि “हाम्रो रहर व्यवस्थित शहर” कार्यक्रम लागू गरिनेछ । शहरी पूर्वाधार निर्माण तथा विकासलाई प्राथमिकतामा राखिने छ । सडकको मापदण्ड तयार गरी लागु गरीनेछ ।

३७ नागरिक तथा जनप्रतिनिधी बिच शहरको विकास र सेवा प्रवाह विषयमा अन्तरक्रिया र छलफल गर्ने तथा नागरिक गुनासो सम्बोधन गर्न “जनप्रतिनिधी सँग जनसरोकारका विषय” कार्यक्रम संचालन गरिनेछ । यसका लागी स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो तथा स्थानीय टेलिभिजन कार्यक्रम संचालन गरिनेछ । पर्यटकीय क्षेत्रको रुपमा रहेको सौराहालाई व्यवस्थित गर्नका लागि सौराहा क्षेत्रको विस्तृत योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३८ जमिनको अस्वभाविक खण्डीकरण तथा बस्ती विकासलाई नियन्त्रण गरिने छ । यसका लागि प्रचलित कानून तथा नगरपालिकाबाट लागू गरिएको जग्गा विकास कार्यविधि, २०७५ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

३९ जग्गा–जमिन प्रयोगलाई वैज्ञानिक बनाइने छ । नगरपालिका क्षेत्र भित्रका जग्गा उपयोग गर्न तथा उत्पादनशीलता अभिवृद्धिका लागी भू–उपयोग नीति बनाई लागू गर्ने व्यवस्था मिलाईने छ ।

४० भूमिहिन सुकुम्वासीको लगत अद्यावधिक गरिने छ। सुकुम्वासीको नाममा जथाभावी सार्वजनिक जग्गा कब्जा गर्ने, संरचना निर्माण गर्ने कार्यलाई कानूनको दायरामा ल्याइने छ । साथै वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुको जीवनस्तर सुधारका लागी विशेष कार्यक्रम संचालन गरिने छ।

४१ संचार क्षेत्र साझेदारी कार्यक्रम अन्तर्गत सेवा प्रवाहमा नागरिक अपेक्षा र जनगुनासो सम्बोधन जस्ता पक्षलाई ध्यान दिईने छ । सुशासन कायम गर्न खुला समाजको स्थापना तथा पारदर्शिता र उत्तरदायी संयन्त्रको प्रर्वद्धनका लागी संचार क्षेत्रसँग वृहत साझेदारी अवलम्बन गरिनेछ।

४२ महिला वर्गमाथि हुने विभेद अन्तका लागी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ। कार्यस्थलको हिंसा घरेलु हिंसा लैङ्गिक तथा यौन हिंसा विरूद्ध अभियान संचालन गरिने छ। महिला हिंसा विरूद्ध शून्य सहनशिलताको नीति अबलम्वन गरिनेछ र न्यायिक क्रियाकलापलाई "द्रुत सुनुवाईको व्यवस्था" मिलाइने छ । महिला सशक्तिकरणका लागि वहस पैरवी गरिने छ । विपन्न वर्ग लक्षित वस्तुगत टेवा, सीप विकास कार्यक्रम कार्यान्वयन गरिनेछ । र समाजमा कुसंस्कारको रुपमा रहेको छुवाछुतलाई व्यवहारिक रुपमा अन्त्य गरिनेछ।

४३ खेलकुद क्षेत्रको विकासमा युवा वर्गलाई परिचालन गरिनेछ। "स्वास्थ्यका लागी खेलकुद", "मर्यादित र अनुशासित समाजका लागि खेलकुद" जस्ता कार्यक्रम मार्फत समुदायको स्वास्थ्य र सामाजिक विकृति विसंगती जस्ता समस्यालाई समाधान गरिनेछ।

४४ मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधारका लागी आवश्यक पुर्वाधार निर्माण गरिने छ। वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न सिमानामा पक्की पर्खाल तथा तारजाली लगाउन शुरू गरिनुका साथै अशक्त वन्यजन्तुलाई उपचारका लागी उपचार केन्द्र निर्माण गरिने छ र वन्यजन्तुको आक्रमणबाट निकुञ्ज आसपासका नागरिकको उद्धारका लागी बिमाको व्यवस्था मिलाईने छ।

४५ समाजको विकराल समस्याको रूपमा रहेको लागू औषध दुर्व्यसनी विरूद्ध अभियान संचालन गरिनेछ । त्यसका लागी परामर्श, पुर्नस्थापना तथा अभिभावक सचेतना कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ

४६ नगरपालिका भित्र आधुनिक E-library स्थापनाका लागी अन्य क्षेत्रसँग साझेदारी गरिनेछ।

४७ यस नगरपालिकाको सांस्कृतिक पक्षको प्रवर्द्धन तथा पर्यटनलाई आवद्ध गर्न "रत्ननगर सांस्कृतिक ग्राम" (Cultural Village) निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै संस्कृति प्रवर्द्धनका लागि पुराना र ऐतिहासिक मन्दिर संरक्षणका लागि कार्यक्रम संचालन गरिने छ । साथै स्थानीय भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्वनका लागि कार्यक्रम संचालन गरिनेछ।

४८ योजना प्रणालीलाई पारदर्शी, वस्तुनिष्ट र यथार्थमा आधारित बनाउन रु. ५० लाख भन्दा ठूला योजनामा तेश्रो पक्ष मुल्याङ्कन प्रणालीलाई निरन्तरता दिईनेछ।

४९ सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउन रु २००००००। भन्दा बढि लागत अनुमान भएका योजनालाई इ टेण्डर मार्फत बोलपत्र आह्वान गरी नीजि क्षेत्र मार्फत प्रतिस्पर्धा गरी सञ्चालन गरीनेछ।

५० यस नगरका अति विपन्न गरीवको खरका छानालाई विस्थापन गरी जस्ता छानामा रुपान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५१. अति विपन्न गरीव परिवारलाई शौचालयको पहुँच पुऱ्याउन दिईदैं आएको एक घर एक व्यवस्थित शौचालय निर्माण अनुदान कार्यलाई निरन्तरता दिईनेछ।

५२ वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सामी (Safer Migration) परियोजनासंग लागत साझेदारीका आधारमा जनचेतना जागृत गर्दै रेमिट्यान्सबाट प्राप्त आयलाई उत्पादनमुलक क्षेत्रमा उपयोग गरी रोजगारीको अवसर सिर्जना र जनताको जीवनस्तरमा सुधार गर्दै लगिनेछ ।

५३ नगर भित्रका नागरिकहरुलाई दाउराको प्रयोगबाट उत्सर्जन हुने धुँवाबाट उत्पन्न हुने रोगहरुलाई न्यूनिकरण गर्नका लागि गरिब र बिपन्न घरधुरीलाई सुधारिएको चुल्हो वितरण गरिनेछ ।

५४ तथ्याङ्क लिईसकिएका सुकुम्बासीहरुलाइ बसोबासको ब्यबस्था गरीनेछ । यसको शुरुवातमा बुच्चे सालघारीमा Housing को व्यवस्था गरीनेछ ।

५५ गरिब आर्थिक हिसाबले बिपन्न वर्गका निम्ति बेरोजगार युवा वा युवती जनालाई स्वरोजगारको व्यवस्था गरीनेछ । यसका लागि नगर प्रमुख उद्यमशिलता कोषको स्थापना गरी कार्यक्रम संचालन गरिनेछ ।

५६ सामुदायिक विद्यालयमा अध्ययन गरी एम. बि. बि. एस., कृषि र बन बिज्ञान र ईन्जिनियरिङ्गमा स्नातक पढ्नेलाई विशेष सहयोग गरीनेछ । साथै रत्ननगर नगरपालिकाभित्रका विद्यालयहरुमा Vocational शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि छात्रबृत्तिको कार्यक्रम ल्याईनेछ ।

५७. आगामी २ वर्षभित्र नगरभित्रका सवै आवासीय वस्ती जोड्ने सडकहरुलाई पक्की कालोपत्रे युक्त बनाई सवै आवासीय तथा व्यापारिक क्षेत्रमा सहज आवागमन हुने अवस्थाको सृजना गरिनेछ ।

५८. नगर भित्र रहेका सार्वजनिक जग्गा संरक्षण गरी सार्वजनिक उपयोगमा ल्याउन एक वार्ड एक बाल उद्यान सहितको खोप केन्द्र तथा पुस्तकालय निर्माण गरी शिशु तथा बालबालिकाको बृत्ति विकासमा प्रत्यक्ष टेवा पुग्ने कार्यक्रमलाई हरेक वडामा लागु गरिनेछ ।

५९ रत्ननगर नगरपालिका र क्षेत्रिय होटल संघद्धारा संयुक्तरुपमा तयार गरिएको सौराहा क्षेत्रको पर्यटन रणनीतिक योजना स्वीकृत गरी कार्यान्वियनका लागि पहल गरिनेछ । साथै सम्बन्धित सरोकारवालाहरुसंग समन्वय गरिनेछ ।

६० रत्ननगर नगरपालिकामा पर्यटकीय उद्धेश्यले आउने पर्यटकहरुका लागि नगरको भौगोलिक अवस्थिती, संस्कृति लगायत बहुआयमिक विषयहरुमा जानकारी गराउन सौराहाबाट बछौली म्यूजियम, जाल्पादेवी मन्दिर, डेरी चोक, झुवानी गाउँ, टरौली, फसेर्नी, वेल्सी, वन्सी, भोकाहा, देवौली, बाघमारा, टेलिफोन टावर हुँदै पुनः सौराहा जोड्ने साईक्लीङ्ग रुटको विकास गरिनेछ । साथै नगर भित्र पर्यटकीय गतिविधी बढाउनका लागि चित्रसेन, मिलिजुली, टिकौली, पंचकन्या सामुदायिक वन हुँदै मनीखोला पुग्ने गरी जंगल सफारी रुटको विकास गरिनेछ । साथै नेपाल सरकारको भिजिट ईयर २०२० लाई सफल पार्नको लागि ण्नगरपालिकाको पर्यटकीय गतिविधीहरु संचालन गरिनेछ।

६१. चितवन राष्ट्रिय निकुन्ज भित्र पर्ने पुराना पदमपोखरीमा ताल निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

धन्यवाद ।

...................

(नारायण वन)

नगर प्रमुख

मिति २०७६ आषाढ १० गते मंगलबार